निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन बुलेटिन
# Election Bulletin

वर्ष ५ | अङ्क ४ | पूर्णाङ्क १७ | २०७२ चैत (March - April, 2016)



**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं

फोन नं. ०१-४२२३१६५
फ्याक्स नं. ०१-४२२६७००
E-mail: info@election.gov.np
Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारी तथा निर्वाचन बुलेटिनका सल्लाहकारहरू



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
श्री इला शर्मा



सचिव
श्री शारदाप्रसाद त्रिताल

## सम्पादक मण्डल

| संयोजक | सदस्यहरू | सदस्य सचिव |
|---|---|---|
| सहसचिव श्री वीरबहादुर राई | उपसचिव श्री एकनारायण शर्मा<br>उपसचिव श्री मुकुन्द शर्मा | पुस्तकालय अधिकृत श्री प्रदीप भट्टराई |

## यस प्रकाशनमा समाविष्ट विषयहरू


१. आयोगको आ. व. २०७१/७२ को वार्षिक प्रतिवेदन पेश
२. व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिमा आयोगबारे छलफल
३. नेपालको संविधान अनुसार सङ्घीय मोडेलमा निर्वाचन आयोगको प्रस्तावित संरचनाको कार्ययोजना
४. राजनीतिक दलको दल दर्ता खारेजी तथा जरिवाना
५. आयोगका निर्णयहरू
६. वैदेशिक अध्ययन भ्रमण
७. कर्मचारी नियुक्ति, पदस्थापन, सरूवा तथा बढुवा
८. तालिम तथा अन्तरक्रिया
९. घुम्ती निर्वाचन शिक्षा सञ्चालन

## सम्पादकीय

स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउने संवैधानिक जिम्मेवारी पाएको आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा (१) मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७१/७२ मा आयोगबाट सम्पादित कार्यहरूलाई समावेश गरी तयार पारिएको आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेश गरेको छ । हाल केन्द्रीय ढाँचामा कार्यरत रहेको आयोगको सङ्गठन संरचना नयाँ संविधानबमोजिम सङ्घीय संरचना अनुकूल बनाउने सिलसिलामा संरचना अनुसार कामको बाँडफाँट, जिम्मेवारी हस्तान्तरण र आवश्यक जनशक्तिको व्यवस्थापन गर्न प्राविधिक समिति गठन भई उक्त समितिले आवश्यक अध्ययन गरी कार्ययोजनाको लागि प्रारम्भिक सुझावसमेत पेश गरेको छ । यसैगरी परिवर्तित सन्दर्भमा आयोगको भूमिका र भावी कार्यक्रमबारेमा व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिमा आयोगका पदाधिकारीहरूसमेतको उपस्थितिमा छलफल भएको छ । नयाँ संविधान जारी भएपश्चात् निर्वाचन सम्पन्न गर्ने सन्दर्भमा आवश्यक ऐन, कानुनहरूको व्यवस्थापन गर्नुपर्ने भएको हुँदा प्राथमिकताको आधारमा कार्यतालिका तयार गरी कानुनको तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ । फोटोसहितको मतदाता नामावली तयार पार्ने कार्यको लागि आयोगद्वारा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयमार्फत् निरन्तररूपमा मतदाता दर्ता कार्यक्रम सञ्चालन भइरहेको छ । यसका अतिरिक्त नाम दर्ता गराउन छुट भएका लक्षित समुदायको लागि तोकिएका स्थानमा समय समयमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिकसम्बन्धी विशेष कार्यक्रमसमेत सञ्चालन गर्ने गरिएको छ । विशेष गरी माध्यमिक तथा उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने छात्र छात्रालाई लक्षित गरी निर्वाचन शिक्षा र आयोगले सञ्चालन गरेका समसामयिक गतिविधिका बारेमा जानकारी प्रदान गर्न आयोगमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको व्यवस्था गरिएको छ भने यसको सेवालाई क्षेत्रीयस्तरसम्म विस्तार गर्ने सिलसिलामा क्षेत्रीय निर्वाचन कार्यालय कास्की र कैलालीमा समेत निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना गरी निर्वाचन शिक्षा तथा सूचनासम्बन्धी क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । यसैगरी निर्वाचन शिक्षालाई व्यापक बनाउन माध्यमिक तहमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूलाई समेत निर्वाचन शिक्षा तालिम प्रदान गर्ने कार्य भइरहेको छ ।

## आयोगको आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन पेश

नेपालको संविधानको धारा २९४ को उपधारा (१) मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७१/७२ मा निर्वाचन आयोगबाट सम्पादित कार्यहरूलाई समावेश गरी तयार पारिएको आयोगको वार्षिक प्रतिवेदन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मिति २०७२।११।१० गते सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेश गर्नुभयो ।

प्रतिवेदन पेश गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संवैधानिक मर्म र भावनाबमोजिम कार्यान्वयन गर्न आयोगले निर्वाचनसम्बन्धी कानुनमा सुधार, निर्वाचन विधि र प्रक्रियामा सुधार तथा आयोगको संस्थागत क्षमता विकासमा आफ्नो ध्यान केन्द्रित गर्दै आयोगको दोस्रो रणनीतिक योजनाबमोजिम प्राथमिकता प्राप्त क्रियाकलापहरूलाई उपलब्ध स्रोत, साधन र क्षमताको आधारमा क्रमशः कार्यान्वयन गरिरहेको व्यहोरा सम्माननीय राष्ट्रपतिसमक्ष राख्नुभयो ।

आयोगको वार्षिक प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिले समयमै आफ्नो प्रतिवेदन पेश गरेकोमा धन्यवाद दिँदै संवैधानिक व्यवस्थाबमोजिमको जिम्मेवारी वहन गर्न आयोगलाई सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । उहाँले विद्यमान सङ्क्रमणकालीन अवस्थालाई दृष्टिगत गरी आवधिक निर्वाचनको महत्वको बारेमा चर्चा गर्दै राजनीतिक दल र सरकारसँगको सहकार्य र सहमतिमा शीघ्र स्थानीय तहको निर्वाचन गराउनु आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

सो अवसरमा आयोगका निर्वाचन आयुक्त श्री इला शर्मा, सचिव श्री शारदाप्रसाद त्रितालगायतका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।



सम्माननीय राष्ट्रपति समक्ष आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

## व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिमा आयोगबारे छलफल

व्यवस्थापिका-संसद्को राज्य व्यवस्था समितिको आमन्त्रणमा निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त नेतृत्वको टोलीसँग मिति २०७२।१२।२८ गते निर्वाचन आयोगसम्बन्धी छलफल भएको छ । राज्य व्यवस्था समितिका सभापति माननीय दिल बहादुर घर्तीज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले 'परिवर्तित सन्दर्भमा निर्वाचन आयोगको भूमिका र भावी कार्यक्रम' विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

आयोगका तर्फबाट धारणा व्यक्त गर्ने क्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. यादवले आयोग आफ्नो रणनीतिक योजना अनुसार निर्वाचनसम्बन्धी तयारी कार्यमा निरन्तर अगाडि बढिरहेको जानकारी समितिलाई गराउनुभयो । आफ्नो लिखित धारणा

प्रस्तुत गर्ने क्रममा आयोगका विषयमा भएको संवैधानिक व्यवस्था, प्रदेशको आधारमा आयोगको सङ्गठनात्मक संरचना, रणनीतिक योजना कार्यान्वयन, निर्वाचन आचार संहिता र त्यसको अनुगमन, निर्वाचनसम्बन्धी एकीकृत कानुनको तर्जुमा र विद्यमान कानुनमा संशोधन, निर्वाचनको लागि विद्युतीय मतदान यन्त्र तथा प्रविधियुक्त मतदाता परिचयपत्र, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, निर्वाचन शिक्षा, निर्वाचन क्रियाकलापमा प्रविधिको प्रयोग, मतदान केन्द्र पुनरावलोकन, निर्वाचन शिक्षा/मतदाता शिक्षा/तालिम तथा सूचना आदि विषयमा विस्तृत रूपमा समितिलाई जानकारी गराउनु भयो । यसै गरी आयोगको भावी कार्यक्रम र प्रमुख समस्याहरूका विषयमा पनि डा. यादवले उल्लेख गर्नुभयो ।

वर्तमान समयमा सबैको चासो र आवश्यकताको विषयको रूपमा रहेको स्थानीय निकाय निर्वाचन, कानुनबमोजिम आयोगलाई निर्वाचन मिति तोक्ने अधिकार, निर्वाचनको काममा आयोगलाई आर्थिक स्वायत्तता दिई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरकार वा सरकारका कुनै पनि निकायबाट हुन सक्ने नियन्त्रणबाट आयोगलाई मुक्त गरिनुपर्ने, निर्वाचन सञ्चालन गर्ने जनशक्तिका विषयमा आयोगलाई भविष्यसम्मका लागि ढुक्क हुने अवस्था सिर्जना गर्न निजामती सेवाभित्र छुट्टै समूहको व्यवस्था गरिनुपर्ने विषयमा प्रस्तुति गरिएको थियो । संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी व्यवस्थालाई अक्षरशः पालना गर्ने गराउने सन्दर्भमा आयोग अगाडि बढिरहेको, आयोगको सम्पर्क मन्त्रालयका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिनुपर्ने, संविधानको धारा १०१ र २९३ का विषयमा भएका व्यवस्था स्वतन्त्र निर्वाचन आयोगका पक्षमा नभएकाले यसतर्फ माननीय सांसदहरूले विशेष ध्यान दिनुपर्ने, संसद्मा महिलाको प्रतिनिधित्वलाई ३३ प्रतिशत पुऱ्याउने विषयमा कानुनी सुनिश्चितता हुनुपर्ने जस्ता विषयसमेत प्रस्तुतिमा उल्लेख गरिएका थिए । यसैगरी २०७२ वैशाख १२ को भूकम्पको प्रभाव आयोगको केन्द्रीय कार्यालय भवनमा पनि परेकाले ढुक्कसँग काम गर्ने वातावरण खलबलिएको कुरा पनि समितिलाई जानकारी गराइयो ।

आयोगका निर्वाचन आयुक्त श्री इला शर्माले निर्वाचनसम्बन्धी एकीकृत कानुनको मस्यौदा तयार हुँदै गरेको, राजनीतिक दलहरूप्रतिको जनतामा व्याप्त वितृष्णा हटाउन र राजनीतिक दल एवं राजनीतिकर्मीहरूको छवि स्वच्छ बनाउन तथा जनताको विश्वास आर्जन गर्नका लागि दलहरूमा आर्थिक पारदर्शिता हुनुपर्ने, दलहरूको आफ्नै कार्यसमितिमा समावेशिता र महिलाको ३३ प्रतिशत उपस्थितिलाई सुनिश्चित गरिनुपर्ने, स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि आर्थिक तथा निर्वाचन जनशक्तिका विषयमा आयोगलाई स्वायत्तता दिइनु पर्ने जस्ता विषयमा थप प्रकाश पार्नुभयो ।

माननीय सांसद्हरु श्री गङ्गालाल तुलाधर, श्री लालबाबु रावत, श्री जयन्त चन्द, श्री मानप्रसाद खत्री, श्री नवीन्द्रराज जोशी, श्री सन्त कुमार दरै, श्री गौरी कुमारी ओली, श्री तुलाराज विष्ट र श्री आनन्द प्रसाद ढुङ्गानाले आयोगको धारणाप्रति सन्तुष्टि जनाउँदै निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउने क्रममा आयोगलाई आवश्यक पर्ने सहयोग गर्न प्रतिवद्ध रहेको धारणा व्यक्त गर्दै थप जिज्ञासा राख्नुभएको थियो ।

आयोगको धारणा सुनिसकेपछि समितिले "परिवर्तित सन्दर्भमा निर्वाचन आयोगको भूमिका र भावी कार्यक्रमका सम्बन्धमा निर्वाचन आयोगबाट प्रस्तुत भएको धारणाप्रति समितिको ध्यानाकर्षण भएको र संविधान अनुसार आयोगको जिम्मेवारी एवं कर्तव्य पुरा गर्न आवश्यक पर्ने ऐन कानुनहरूको मस्यौदा एवं निर्वाचनसँग सम्बन्धित अन्य कार्यक्रमहरु तर्जुमाको चरणमा पनि समितिसँग समन्वय र छलफल गरी अगाडि बढाउन समिति निर्देश गर्दछ" भनी निर्णय गऱ्यो ।

सो कार्यक्रममा आयोगका निमित्त सचिव श्री लक्ष्मी प्रसाद यादव, सहसचिवहरु क्रमशः श्री सूर्य प्रसाद शर्मा, श्री वासुदेव गुरागाई र श्री सुशील कोइराला, उपसचिव श्री देशबन्धु अधिकारी तथा विभिन्न सञ्चार माध्यमका पत्रकारहरूको समेत उपस्थिति रहेको थियो ।




व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिमा आफ्नो धारणा राख्नुहुँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (बायाँबाट दोस्रो) र निर्वाचन आयुक्त श्री इला शर्मा (बायाँ) तथा राज्य व्यवस्था समितिका पदाधिकारीहरूसमेत

## नेपालको संविधान अनुसार सङ्घीय मोडेलमा निर्वाचन आयोगको प्रस्तावित संरचनाको कार्ययोजना

नयाँ संविधान जारी भएपश्चात् राज्यको प्रशासकीय पुनर्संरचनालाई संस्थागत रूपमा व्यवस्थित गरी संविधानले तोकेबमोजिम आयोगको आफ्नो जनशक्ति, स्रोत साधन र सङ्गठनात्मक संरचनालाई कार्यात्मक बनाई तदनुरूप अगाडि बढाउने सन्दर्भमा उपयुक्त सुझावसहितको कार्ययोजना तयार गर्ने प्रयोजनको लागि आयोगका प्रशासन महाशाखाका प्रमुखको संयोजकत्वमा ५ सदस्यीय पुनर्संरचना प्राविधिक समिति गठन भई सो समितिले प्रारम्भिक कार्ययोजना तयार गरेको छ ।

प्रतिवेदन अनुसार आयोगको संरचना तीन तहको राख्न सुझाव दिइएको छ, जसमा सङ्घमा आयोग/सचिवालय, प्रदेशमा प्रादेशिक निर्वाचन कार्यालय र जिल्लामा जिल्ला निर्वाचन कार्यालय रहनेछन् ।

प्रतिवेदनमा रा.प. प्रथम श्रेणी (सहसचिव) को कर्मचारीको नेतृत्वमा प्रादेशिक निर्वाचन कार्यालयको स्थापना गर्ने तथा जिल्लामा शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) को नेतृत्वमा जिल्ला निर्वाचन कार्यालयको कर्मचारी सङ्ख्या यकिन गर्नुपर्ने र कार्यबोझको आधारमा सङ्गठन संरचना तयार गरी यसलाई कार्यात्मक बनाउनुपर्ने सुझाव रहेको छ ।

त्यसैगरी प्रतिवेदनमा आयोग र सचिवालयलाई नीति तर्जुमा, समन्वय र अनुगमन तथा मुल्याङ्कनको जिम्मेवारीमा केन्द्रित गरी प्रादेशिक कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई आफ्नो कार्यक्षेत्रमा आयोगको स्वीकृत नीति र मार्गदर्शनमा रही कार्यक्रम कार्यान्वयनको जिम्मेवारी दिन सुझाव दिइएको छ । यसै कार्ययोजनाको आधारमा अन्य मन्त्रालय, सचिवालय तथा आयोगको सङ्गठन संरचनालाई ध्यान दिँदै आगामी आ. व. मा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गर्ने लक्ष्य राखिएको छ । उक्त प्रारम्भिक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सामान्य प्रशासन मन्त्रालयमा समेत पेश गरिएको छ ।

## राजनीतिक दलको दल दर्ता खारेजी तथा जरिवाना

निर्वाचन आयोग ऐन, २०६३ को दफा २४ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी राजनीतिक दलसम्बन्धी ऐन, २०५८ को दफा १२ बमोजिम आयोगसमक्ष पेश गर्नुपर्ने आफ्नो आय व्ययको विवरणको वार्षिक प्रतिवेदन लगातार तीन वर्ष भन्दा बढी समयसम्म नबुझाउने देहायका राजनीतिक दलहरूको दर्ता खारेज गर्ने र उक्त दलहरूले प्राप्त गरेको नाम, चुनाव चिन्ह र झण्डा खारेज गर्ने निर्णय भएको मितिले एक वर्षसम्म अन्य कुनै राजनीतिक दलले प्रयोग गर्न नपाउने गरी फ्रिजमा राख्ने भनी निर्वाचन आयोगले मिति २०७२।११।२१ मा निर्णय गरेको छ ।

**दर्ता खारेज गरिएका राजनीतिक दलहरू**

| क्र. सं. | राजनीतिक दलहरूको नाम | चिन्ह | क्र. सं. | राजनीतिक दलहरूको नाम | चिन्ह |
|---|---|---|---|---|---|
| १. | समाजवादी जनता पार्टी | चन्द्रमा | २. | जनता दल युनाइटेड | शंख |
| ३. | जनता पार्टी नेपाल | मसी र कलम | ४. | नेपाली जनता पार्टी | कमिला |
| ५. | नेपाल सद्भावना पार्टी | पानस | ६. | सशक्ति नेपाल | तराजु |
| ७. | नेपाल राष्ट्रिय लोकतान्त्रिक दल | टोपी | ८. | नेपाल राष्ट्रिय जनकल्याण पार्टी | दुई आँखा |
| ९. | जनमुक्ति पार्टी नेपाल | भऱ्याङ | १०. | शिवसेना | मन्दिर |
| ११. | लिबरल समाजवादी पार्टी | बाघ | १२. | नेपाल साम्यवादी दल | करूवा |
| १३. | नव नेपाल प्रजातान्त्रिक दल | घण्ट | १४. | संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी | बस |
| १५. | समाजवादी पार्टी | लाली गुराँस | | | |

यसैगरी आयोगको सोही मितिको निर्णयानुसार राष्ट्रिय समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी (लोहियावादी) र देशभक्त समाज दलको विवरण अद्यावधिक गर्ने र निर्धारित समयभित्र एक र दुई आर्थिक वर्षको आय-व्यय विवरण पेश नगर्ने तथा निर्धारित समय व्यतित भइसकेपछि ३ वर्षकै आय-व्यय विवरण पेश गर्ने ५ गरी जम्मा १२० राजनीतिक दललाई राजनीतिक दलसम्बन्धी ऐन, २०५८ को दफा १६ बमोजिम रू. १००।- जरिवाना गर्ने साथै आगामी दिनमा निर्धारित म्यादभित्र निर्धारित ढाँचामा आय-व्ययको वार्षिक विवरण पेश गर्न सचेत गराउनेसमेत निर्णय भएको छ । जरिवाना गरिएका राजनीतिक दलहरूको नाम देहायबमोजिम रहेको छ :

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| १. | राष्ट्रिय पुनर्जागरण पार्टी |
| २. | राष्ट्रिय जनमुक्ति पार्टी |
| ३. | जनजागरण पार्टी नेपाल |
| ४. | नेपाल प्रजातान्त्रिक प्रगतिशील पार्टी |
| ५. | तराई मधेश सद्भावना पार्टी नेपाल |
| ६. | नेपाल नागरिक पार्टी |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| ७. | खुम्बुवान राष्ट्रिय मोर्चा, नेपाल |
| ८. | मधेश तराई फोरम |
| ९. | मधेश समता पार्टी नेपाल |
| १०. | गरीब एकता समाज पार्टी, नेपाल |
| ११. | मधेशी जनअधिकार फोरम मधेश |
| १२. | लिग नेपाल शान्ति एकता पार्टी |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| १३. | संघीय समावेशी समाजवादी पार्टी, नेपाल |
| १४. | हिन्दू प्रजातान्त्रिक पार्टी |
| १५. | जनता दल नेपाल |
| १६. | राष्ट्रिय लोकतान्त्रिक युवा पार्टी |
| १७. | नयाँ संघियता जनधारणा पार्टी |
| १८. | युनाईटेड ग्रिन अर्गनाइजेशन |
| १९. | राष्ट्रिय चुरेभावर पार्टी |
| २०. | जनमोर्चा नेपाल |
| २१. | राष्ट्रिय स्वाभिमान पार्टी नेपाल |
| २२. | अखण्ड नेपाल पार्टी |
| २३. | नेपाल कम्युनिष्ट पार्टी |
| २४. | लिवरल डेमोक्रेटिक पार्टी |
| २५. | नेपाल न्यायिक दल |
| २६. | संयुक्त राष्ट्रवादी मोर्चा नेपाल |
| २७. | नेपाल गौरबशाली पार्टी |
| २८. | राष्ट्रिय यर्थाथवादी पार्टी नेपाल |
| २९. | जनतान्त्रिक तराई मधेश मुक्ति टाइगर्स |
| ३०. | लिम्बुवान मुक्ति मोर्चा |
| ३१. | पिछडावर्ग निषाद दलित जनजाती पार्टी |
| ३२. | नेपाल जनसमावेशी एकता पार्टी |
| ३३. | गरीब जनताको क्रान्ती पार्टी |
| ३४. | लिम्बुवान मुक्ति मोर्चा नेपाल |
| ३५. | राष्ट्रिय मधेश एकता पार्टी नेपाल |
| ३६. | नेपाल राष्ट्रिय यातायात विकास दल |
| ३७. | देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा |
| ३८. | राष्ट्रिय जनविकास पार्टी |
| ३९. | संयुक्त राष्ट्रिय जनपरिषद् नेपाल |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| ४०. | संयुक्त जनमोर्चा |
| ४१. | नेपाल सदभावना पार्टी (गजेन्द्रवादी) |
| ४२. | नेपाल जनहित पार्टी |
| ४३. | संघीय लिम्बुबान राज्य परिषद् |
| ४४. | नेपाल राष्ट्रसेवा दल |
| ४५. | सहकारी पार्टी नेपाल |
| ४६. | नेपाल युवा किसान पार्टी |
| ४७. | राष्ट्रिय थारू समाज एकता पार्टी |
| ४८. | नेपाल मधेशी जनता दल (समाजवादी) |
| ४९. | तराई पहाड हिमाल समाज पार्टी |
| ५०. | युवा शक्ति नेपाल पार्टी |
| ५१. | लोक दल |
| ५२. | नेपाल लेवर पार्टी |
| ५३. | नयाँ नेपाल राष्ट्रिय पार्टी |
| ५४. | संघीय विकासवादी पार्टी नेपाल |
| ५५. | चुरेभावर राष्ट्रिय पार्टी |
| ५६. | नेपाल सदभावना पार्टी (युनाइटेड) |
| ५७. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) |
| ५८. | शान्ति पार्टी नेपाल |
| ५९. | राष्ट्रिय विकास पार्टी |
| ६०. | राष्ट्रिय नागरिक पार्टी |
| ६१. | संघीय गणतान्त्रीक समाजवादी पार्टी, नेपाल |
| ६२. | नेपाल शान्ति समाज दल |
| ६३. | राष्ट्रवादी जनता पार्टी |
| ६४. | राष्ट्रिय एकता पार्टी |
| ६५. | नेपाल जनता पार्टी |

**दुई आर्थिक वर्षको आय-व्ययको विवरणको वार्षिक प्रतिवेदन पेश नगर्ने राजनीतिक दलहरू :**

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| १. | राष्ट्रिय मधेश बहुजन समाजवादी पार्टी |
| २. | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल |
| ३. | नव नेपाल निर्माण पार्टी |
| ४. | बहुजन शक्ति पार्टी |
| ५. | नेपाः राष्ट्रिय पार्टी |
| ६. | जन प्रजातान्त्रिक पार्टी |
| ७. | जनयुनिटी को अपरेटिभ पार्टी नेपाल |
| ८. | हरियाली नेपाल पार्टी |
| ९. | शिवसेना नेपाल |
| १०. | नेपाल सद्भावना पार्टी |
| ११. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) |
| १२. | नव जनवादी मोर्चा |
| १३. | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी) |
| १४. | नेपाल प्रजातान्त्रिक युवा पार्टी |
| १५. | नेपाल जन संघ पार्टी |
| १६. | मुस्कान सेना नेपाल |
| १७. | लोक कल्याणकारी जनता पार्टी, नेपाल |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| १८. | नेपाल दलित श्रमिक मोर्चा |
| १९. | संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च |
| २०. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) |
| २१. | नेपाल राष्ट्रवादी पार्टी |
| २२. | युवा नेपाल पार्टी |
| २३. | नेपाल दलित पार्टी |
| २४. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| २५. | नेपाल रिपब्लिक पार्टी |
| २६. | डेमोक्रेटिक नेपाल रिपब्लिकन पार्टी |
| २७. | युनाइटेड नेपाल रिपब्लिकन पिपुल्स पार्टी |
| २८. | नेपाल गणतान्त्रिक जनता पार्टी |
| २९. | हाम्रो नेपाल पार्टी |
| ३०. | नेपाल जनएकता पार्टी |
| ३१. | समाजवादी जनएकता पार्टी |
| ३२. | नेपाल पिपुल्स पार्टी |
| ३३. | नेपाल ग्रिन्स पार्टी |
| ३४. | नेपाल बाद |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| ३५. | नेपाल लोकतान्त्रिक नागरिक पार्टी |
| ३६. | नेपाल नौलो जनवादी पार्टी |
| ३७. | राष्ट्रिय लोकतान्त्रिक गान्धीवादी पार्टी |
| ३८. | राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादी |
| ३९. | बहुजातीय समावेशी पार्टी |
| ४०. | मंगोल नेशनल अर्गनाइजेशन |
| ४१. | राष्ट्रिय एकता मञ्च |
| ४२. | राष्ट्रिय शिवसेना पार्टी |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| ४३. | नेपाल गणतान्त्रिक एकता पार्टी |
| ४४. | ॐसेना नेपाल |
| ४५. | लोकतान्त्रिक पार्टी नेपाल |
| ४६. | सोसल रिपब्लिकन पार्टी |
| ४७. | तराई मधेश पहाड हिमाल एकता पार्टी |
| ४८. | तामसालिङ नेपाल राष्ट्रिय पार्टी |
| ४९. | नेपाल लोकतान्त्रिक समाजवादी दल |
| ५०. | राष्ट्रिय जनता दल, नेपाल |

**तीन आर्थिक वर्षको आय-व्ययको विवरण समयभन्दा पछि बुझाउने राजनीतिक दलहरूः**

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| १. | नेपाली जनता दल |
| २. | नेपाली काँग्रेस राष्ट्रवादी |
| ३. | नेपाल समता पार्टी |

| क्र. सं. | राजनीतिक दलहरूको नाम |
|---|---|
| ४. | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) |
| ५. | राष्ट्रवादी युवा मोर्चा |

## आयोगका निर्णयहरू

वि.सं. २०७२ साल माघदेखि २०७२ साल चैत्र मसान्तसम्म निर्वाचन आयोगमा विभिन्न विषयमा बैठक बसी निर्णय भएका छन् । तीमध्ये केही महत्वपूर्ण विषयहरु देहायबमोजिम रहेका छन् :

| सि. नं. | निर्णय मिति | विषय |
|---|---|---|
| १. | २०७२।१०।३ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमसम्बन्धी (पुनर्ताजगी) प्रशिक्षण स्रोत पुस्तिका स्वीकृति सम्बन्धमा । |
| २. | २०७२।१०।५ | नयाँ ऐनको रूपमा राजनीतिक दलसम्बन्धी ऐनको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक सहमति प्राप्त गर्ने सम्बन्धमा । |
| ३. | २०७२।११।२ | निर्वाचन आचार संहिता, २०७२ कार्यान्वयन लगायतका विद्यमान ऐन, नियम बमोजिम निर्वाचन आयोगले अनुगमन गर्नुपर्ने विषयमा कार्यविधि निर्माण गर्ने प्रयोजनको लागि निर्वाचन अनुगमन कार्यविधि निर्माण समिति गठन गर्ने सम्बन्धमा । |
| ४. | २०७२।११।१० | आ.व. २०७१।७२ को वार्षिक प्रतिवेदन स्वीकृति सम्बन्धमा । |
| ५. | २०७२।११।१७ | निर्वाचनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको प्रस्तावित मस्यौदाको दफा ७१क. मा संशोधनका सम्बन्धमा । |
| ६. | २०७२।११।१९ | राजनीतिक दलको कार्यकारिणी समितिमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने सम्बन्धमा । |
| ७. | २०७२।११।२१ | आय व्ययको विवरणको वार्षिक प्रतिवेदन नबुझाउने राजनीतिक दलहरूलाई कारबाही गर्ने सम्बन्धमा । |
| ८. | २०७२।११।२८ | जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा मतदाता दर्ता कार्यक्रम सञ्चालन गर्ने । |
| ९. | २०७२।१२।२८ | निर्वाचन आयोग ऐन, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन र मतदाता नामावली सम्बन्धी ऐनको नयाँ मस्यौदाको लागि सैद्धान्तिक सहमति माग गर्ने सम्बन्धमा । |
| १०. | २०७२।१२।१६ | निर्वाचन (कसूर र सजाय) ऐनको नयाँ मस्यौदाको लागि सैद्धान्तिक सहमति माग गर्ने सम्बन्धमा । |
| ११. | २०७२।१२।२१ | नेपाल सद्भावना पार्टीका तर्फबाट दर्ता हुन आएको निवेदन कार्यान्वयन सम्बन्धमा । |
| १२. | २०७२।१२।२१ | मधेश समता पार्टीका पदाधिकारी तथा केन्द्रिय सदस्यहरूको अभिलेखीकरण सम्बन्धमा । |
| १३. | २०७२।१२।३० | निर्वाचन आयुक्तको कार्यविभाजन (संशोधन) सम्बन्धमा । |
| १४. | २०७२।१२।३० | साविकको "संयुक्त राष्ट्रवादी मोर्चा नेपाल" को सट्टा "संयुक्त राष्ट्रवादी समाजवादी पार्टी नेपाल" कायम गरी अन्य आवश्यक विवरण राजनीतिक दल दर्ता किताबमा समावेश गर्ने सम्बन्धमा । |

## वैदेशिक अध्ययन भ्रमण

निर्वाचन व्यवस्थापनमा वैदेशिक अनुभव आदानप्रदान गर्न आयोगका तर्फबाट आयोगका पदाधिकारी, कर्मचारीहरूसमेतबाट वैदेशिक अध्ययन भ्रमण हुने गरेको छ । वि.सं. २०७२ साल माघदेखि २०७२ साल चैत्र मसान्तसम्म भएका वैदेशिक अध्ययन अवलोकन भ्रमणको विवरण देहायबमोजिम रहेको छ :

| सि.नं. | भ्रमण गर्ने पदाधिकारी र कर्मचारीको नाम | भ्रमणको उद्देश्य | मुलुक | भ्रमण अवधि |
|---|---|---|---|---|
| १. | सहसचिव श्री मणिराम ओझा, शाखा अधिकृत श्री नम्रता चुडाल र जिल्ला निर्वाचन अधिकारी, सप्तरी श्री महेश कुमार ठाकुर | सङ्घीय संरचना अनुसार निर्वाचन आयोगको संस्थागत व्यवस्था, कार्यजिम्मेवारी, कार्यप्रणाली आदिको अध्ययन गर्ने | इन्डोनेसिया | सन् २०१६ जनवरी १४ देखि २३ |
| २. | सहसचिव श्री वीरबहादुर राई, उपसचिव श्री चन्द्रबहादुर सिवाकोटी, शाखा अधिकृत श्री राजेन्द्र प्रसाद कडेल र कानुन अधिकृत श्री अरूण कुमार झा | सङ्घीय संरचना अनुसार निर्वाचन आयोगको संस्थागत व्यवस्था, कार्यजिम्मेवारी, कार्यप्रणाली आदिको अध्ययन गर्ने | दक्षिण अफ्रिका | सन् २०१६ फेब्रुवरी ९ देखि १५ |

## कर्मचारी नियुक्ति, पदस्थापन, सरुवा तथा बढुवा

निर्वाचन आयोगमा वि.सं. २०७२ साल माघदेखि २०७२ साल चैत महिनासम्ममा विभिन्न कर्मचारीहरूको आयोग वा अन्तर्गत कार्यालयमा सरूवा तथा नयाँ पदस्थापना भएको छ । यसैगरी आयोग वा अन्तर्गत कार्यालयबाट विभिन्न कर्मचारीहरूको अन्यत्र सरूवासमेत भएको छ । यस अवधिमा आयोग वा अन्तर्गत कार्यालयमा आउने तथा आयोग वा अन्तर्गत कार्यालयबाट सरूवा भई अन्यत्र जाने कर्मचारीहरूको विवरण यसप्रकार रहेको छ :

### आयोग वा अन्तर्गत कार्यालयमा आउने कर्मचारीहरू

| क्र.सं. | कर्मचारीको नाम, थर |
|---|---|
| १. | सहसचिव श्री लक्ष्मीप्रसाद यादव |
| २. | सहसचिव श्री सुशील कोइराला |
| ३. | उपसचिव (कानुन) श्री कृष्णराज खनाल |
| ४. | बरिष्ठ कम्प्युटर अधिकृत श्री गोविन्दराम पनेरू |
| ५. | उपसचिव श्री मुकुन्द शर्मा |
| ६. | उपसचिव श्री गंगालाल सुवेदी |

| क्र.सं. | कर्मचारीको नाम, थर |
|---|---|
| ७. | शाखा अधिकृत श्री अर्जुन राई |
| ८. | शाखा अधिकृत श्री कमलमणि देवकोटा |
| ९. | शाखा अधिकृत श्री खुमप्रसाद सुवेदी |
| १०. | कम्प्युटर अपरेटर श्री परमेश्वर पौडेल |
| ११. | कम्प्युटर अपरेटर श्री लुना खनाल |
| १२. | फोटोग्राफर श्री पुन्देव कुमार साह |
| १३. | पुस्तकालय सहायक श्री एकराज अधिकारी |

### आयोग वा अन्तर्गत कार्यालयबाट सरूवा वा बढुवा भई जाने कर्मचारीहरू

| क्र.सं. | कर्मचारीको नाम, थर | सरूवा वा बढुवा |
|---|---|---|
| १. | बरिष्ठ कम्प्युटर अधिकृत श्री दिपक कुमार श्रेष्ठ | सहसचिवमा बढुवा |
| २. | उपसचिव (तथ्याङ्क) श्री सरोज भट्टराई | सरूवा |
| ३. | शाखा अधिकृत डा. चक्रपाणि आचार्य | उपसचिवमा बढुवा |
| ४. | उपसचिव श्री लक्ष्मीदेवी होमागाईं | सरूवा |

| क्र.सं. | कर्मचारीको नाम, थर | सरूवा वा बढुवा |
|---|---|---|
| ५. | बरिष्ठ कम्प्युटर अधिकृत श्री रामगोविन्द अर्याल | सरूवा |
| ६. | शाखा अधिकृत श्री टोलराज उपाध्याय | उपसचिवमा बढुवा |
| ७. | शाखा अधिकृत श्री भेषराज रिजाल | उपसचिवमा बढुवा |
| ८. | शाखा अधिकृत श्री अनिल किराती | सरूवा |
| ९. | शाखा अधिकृत श्री युवराज न्यौपाने | सरूवा |

## तालिम तथा अन्तरक्रिया

### सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा

विद्यालय शिक्षाका माध्यमबाट निर्वाचन शिक्षाको विस्तार गर्ने आयोगको नीतिअनुसार माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरुको लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिँदै मिति २०७२।१०।४ र २०७२।१०।६ गते आयोगमा निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रमको आयोजना गरियो । यस प्रशिक्षण कार्यक्रममा १२ वटा सामुदायिक र ३४ वटा निजी विद्यालय गरी जम्मा ४६ वटा विद्यालयका १५ जना महिला र ३४ जना पुरूष गरी जम्मा ४९ जना सामाजिक अध्ययन विषय शिक्षकहरूको सहभागिता रहेको थियो । आयोगमा सञ्चालन भएका कार्यक्रममा २०७२।१०।६ गते भएको कार्यक्रम तेइसौं प्रशिक्षण कार्यक्रम हो ।

यस प्रशिक्षण कार्यक्रममा निर्वाचन, निर्वाचन चक्र, निर्वाचन प्रणाली, निर्वाचनका सरोकारवालाहरू, निर्वाचन व्यवस्थापन निकायहरू, मतदाता नामावली, मतदाता शिक्षा जस्ता विषयका अतिरिक्त साविक व्यवस्थाबमोजिमको स्थानीय निकाय निर्वाचनसम्बन्धी आवश्यक जानकारी एवं नमुना मतदानको अभ्यास समेत गरिन्छ ।

यसैगरी बाँकेको नेपालगञ्जमा रहेका सामुदायिक तथा निजी माध्यमिक विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकहरूका लागि मिति २०७२।११।१३ र १४ गते ३ समूह र मिति २०७२।११।१५ र १६ गते ३ समूह गरी ६ समूहमा जम्मा १४० जनालाई निर्वाचन शिक्षा प्रदान गरियो । उक्त कार्यक्रममा २१ जना महिला र ११९ जना पुरूष सहभागी रहेका थिए । प्रशिक्षण कार्यक्रमको उद्घाटन निर्वाचन आयोगका उपसचिव श्री एकनारायण शर्माले गर्नुभएको थियो भने उक्त कार्यक्रममा जिल्लाका कार्यक्रम व्यवस्थापन समितिका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

मिति २०७२।११।१३ र १४ गते रसुवा जिल्लाका सामुदायिक तथा निजी माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा ४ जना महिला र १९ जना पुरुष गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो । निर्वाचन आयुक्त श्री इला शर्माले उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा रसुवा जिल्लाका कार्यक्रम व्यवस्थापन समितिका पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

माध्यमिक विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूलाई निर्वाचन शिक्षा प्रदान गर्न प्रशिक्षक तयार गर्ने उद्देश्यले २०७२ फागुन ३० र चैत १ गते मोरङको विराटनगर र बर्दियाको गुलरियामा निर्वाचन शिक्षा क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

विराटनगरमा सम्पन्न कार्यक्रममा क्षेत्रीय निर्वाचन कार्यालय, मोरङ तथा जिल्ला निर्वाचन कार्यालय-ताप्लेजुङ, तेह्रथुम, ओखलढुङ्गा, सिन्धुपाल्चोक, बारा, धनुषा र सिरहाका जिल्ला निर्वाचन कार्यालयबाट जिल्ला निर्वाचन अधिकारीसहित २/२ जना, ती जिल्लाका जिल्ला शिक्षा कार्यालयमा कार्यरतस्रोत व्यक्ति१/१जना र युएनडिपी निर्वाचन सहायता परियोजना विराटनगरबाट १ जना गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो, जसमा ४ जना महिला र १९ जना पुरूष थिए ।

त्यसैगरी गुलरियामा सम्पन्न कार्यक्रममा जिल्ला निर्वाचन कार्यालय स्याङ्जा, पर्वत, अर्घाखाँची, रोल्पा, अछाम, बर्दिया, डडेलधुरा र रोल्पाका जिल्ला निर्वाचन कार्यालयबाट जिल्ला निर्वाचन अधिकारी सहित २/२ जना, ती जिल्लाका जिल्ला शिक्षा कार्यालयमा कार्यरत स्रोत व्यक्ति १/१ जना र युएनडिपी निर्वाचन सहायता परियोजना नेपालगञ्ज र धनगढीबाट १/१ जना गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो ।

माध्यमिक तहमा सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकहरूमार्फत विद्यार्थीसम्म निर्वाचन शिक्षा पुऱ्याउने उद्देश्यले आयोगले विगत दुई वर्षदेखि यस किसिमको प्रशिक्षण सञ्चालन गर्दै आएकोमा यसलाई व्यापकता दिने सिलसिलामा पहिलो चरणमा देशभरका १५ जिल्लालाई समेटी विराटनगर र बर्दियामा एक साथ सो कार्यक्रम सञ्चालन गरिएको हो ।

निर्वाचन शिक्षा क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०७२।११।२० र २१ गते आयोगमा दुई दिने मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो । सो कार्यक्रममा आयोगका १५ जना अधिकृत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

**मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रमसम्बन्धी प्रशिक्षण**

फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन छुट भएका मतदातालाई लक्षित गरी तयार गरिएको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालनको लागि २०७२।१०।१२ र १३ गते क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरियो ।

देशभरका पाँच क्षेत्रीय निर्वाचन अधिकारी तथा सत्तरी जिल्लाका जिल्ला निर्वाचन अधिकारी सहभागी रहेको सो कार्यक्रम विराटनगर, धुलिखेल र नेपालगञ्जमा सञ्चालन गरिएको थियो ।

कार्यक्रममा मतदाता नामावलीसम्बन्धी कानुनी व्यवस्था, कार्यक्रमको मापदण्ड तथा मार्गदर्शन, कार्यक्रमका सन्दर्भमा विभिन्न पदाधिकारी तथा कर्मचारीको भूमिका, मतदाता नामावलीमा प्रविधिको प्रयोगलगायतका विषयमा प्रशिक्षण दिइएको थियो ।

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक क्षेत्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नको लागि आयोगमा २०७२।१०।७ र ८ गते मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो ।

**निर्वाचन प्रक्रियामा पहुँचसम्बन्धी कार्यशाला**

निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा पहुँचसम्बन्धी ब्रिज कार्यशाला २०७२ साल माघ २८ देखि फागुन १ गतेसम्म झापाको दमकमा सम्पन्न गरेको छ ।

आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले उद्घाटन गर्नुभएको सो कार्यक्रममा उपसचिव श्री सूर्यप्रसाद अर्याल, International Foundation for Electoral System (IFES) का श्री राधिका रेग्मी, उपसचिव श्री लक्ष्मीदेवी होमागाई र उपसचिव श्री सुशील कोइरालाले सहजीकरण गर्नुभएको थियो ।



नमुना मतदानमा सहभागी हुँदै कार्यशालाका सहभागीहरू

ताप्लेजुङ, पाँचथर, इलाम, झापा र मोरङ जिल्लाका क्षेत्रीय जिल्ला निर्वाचन कार्यालयका लैङ्गिक सम्पर्क विन्दु तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको सो कार्यक्रममा ९ महिलासहित २५ जनाको सहभागिता रहेको थियो । सहभागीहरूमध्ये २ जना महिला र ३ जना पुरुष अपाङ्गता भएका व्यक्तिहरु रहेका थिए ।

**निर्वाचन प्रक्रियामा लैङ्गिकता तथा समावेशीकरण विषयक ब्रिज कार्यशाला तथा अन्तरक्रिया**

निर्वाचनका विविध प्रक्रिया तथा गतिविधिहरूलाई लैङ्गिक तथा समावेशी मैत्री बनाउने आयोगको नीति अनुरूप विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसै अन्तर्गत आयोग वा अन्तर्गत कार्यरत कर्मचारी तथा सरोकारवालाहरूलाई समावेश गरी २०७२।१०।२८ देखि २०७२।११।१ सम्म सिन्धुलीमा निर्वाचनमा लैङ्गिकता तथा समावेशीकरण विषयक ब्रिज कार्यशालाको आयोजना गरियो । सिन्धुली, उदयपुर, खोटाङ र ओखलढुङ्गा जिल्लाका जिल्ला निर्वाचन कार्यालयका लैङ्गिक सम्पर्क विन्दु तथा अन्य सरोकारवालाहरूलाई समावेश गरिएको सो कार्यक्रममा २४ जनाको सहभागिता रहेको थियो भने आयोगका सहसचिव श्री वासुदेव गुरागाईं, शाखा अधिकृत श्री हेमराज अर्याल, युएनडिपि/इएसपीका श्री कुन्दनदास श्रेष्ठ र ब्रिज सहजकर्ता श्री शान्तिराम विमलीले सहजीकरण गर्नुभएको थियो ।

निर्वाचनका प्रक्रिया तथा गतिविधिहरूलाई समावेशी बनाउने क्रममा आयोगले झापाको भद्रपुर र सिन्धुलीमा फागुन २ गते 'निर्वाचन प्रक्रियामा लैङ्गिकता तथा समावेशीकरण' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

झापाको भद्रपुरमा भएको कार्यक्रमको उद्घाटन तथा समापन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले गर्नुभएको थियो । कार्यक्रममा सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिसमेत ४९ जनाको सहभागिता रहेको थियो । यसमध्ये १७ जना महिला र ३२ जना पुरुष रहेका थिए ।

सिन्धुलीमा भएको कार्यक्रममा सो जिल्लाका राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरू गरी जम्मा ३५ जनाको सहभागिता रहेको थियो । अन्तरक्रिया कार्यक्रमको उद्घाटन तथा समापन आयोगका सहसचिव श्री वासुदेव गुरागाईंले गर्नुभएको थियो ।

### वित्तीय तथा खरिद व्यवस्थापनसम्बन्धी अभिमुखीकरण

आर्थिक वर्ष २०७२।७३ को स्वीकृत कार्यक्रम अनुसार निर्वाचन आयोग र पूर्वाञ्चल क्षेत्रका क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा कार्यरत लेखापालहरूको लागि वित्तीय तथा खरिद व्यवस्थापनसम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम मिति २०७२ फागुन १७ र १८ मा इलाममा सम्पन्न भयो । कार्यक्रममा १६ क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयबाट २० जना र निर्वाचन आयोगबाट २ जना गरी जम्मा २२ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन निर्वाचन आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले गर्नुभएको थियो । कार्यक्रममा मन्तव्य राख्दै उहाँले आर्थिक प्रशासनसम्बन्धी ऐन, नियम र कानुनको अधीनमा रही आर्थिक कारोबार सम्पादन गर्न तथा यस तालिमबाट सिकेका व्यावहारिक ज्ञान तथा अनुभवहरूलाई कार्यक्षेत्रमा उपयोग गर्न सहभागीहरूलाई निर्देशन दिनुभएको थियो ।

हरेक वर्ष एक व्यक्ति एक तालिमको नीति अनुरूप आयोग तथा जिल्ला निर्वाचन कार्यालयहरूमा आर्थिक प्रशासन (लेखा) र जिन्सीमा काम गर्ने कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्दै वित्तीय अनुशासन कायम राखी सुशासनलाई प्रवर्धन गर्ने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको थियो ।

यसअघि पहिलो चरणमा २०७२ मङ्सिर १७ र १८ गते काभ्रेपलाञ्चोकको धुलिखेलमा, दोस्रो चरणमा २०७२ पुस ९ र १० गते रूपन्देहीको बुटवलमा र तेस्रो चरणमा २०७२ माघ १५ र १६ गते कैलालीको धनगढीमा यस प्रकारको कार्यक्रम सम्पन्न भएको थियो ।

### नेपाली भाषा शुद्ध लेखनशैली विकास तालिम

निर्वाचन आयोगले आयोगमा कार्यरत कर्मचारीहरूका लागि नेपाली भाषा शुद्ध लेखनसम्बन्धी आधारभूत विषयको जानकारी दिने उद्देश्यले मिति २०७२ चैत्र १ गतेदेखि ७ सम्म ६ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यशालाको शुभारम्भ आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले गर्नुभएको थियो । शुभारम्भ मन्तव्यका क्रममा सचिव श्री त्रितालले नेपाली भाषा राष्ट्रभाषा भएको, सरकारी कामकाजमा नेपाली भाषाको प्रयोग हुने संवैधानिक व्यवस्था भएको साथै भाषा पहिचान र संस्कृतिको समेत आधार भएकोले भाषिक एकरूपताको लागि यसको शुद्धता र विकासमा सबैको भूमिका हुनुपर्ने उल्लेख गर्नुभयो । उहाँले आयोगबाट प्रकाशन हुने बुलेटिन, निर्वाचन पत्रिका र वार्षिक प्रतिवेदनलगायत आयोगबाट कामकाजको सन्दर्भमा तयार गरिने लिखत तथा दस्तावेजको शुद्धता कायम गर्ने उद्देश्यका साथ सञ्चालित यस प्रशिक्षण कार्यक्रमले आयोगबाट सम्पादन हुने काममा निर्वाचनसँग सम्बन्धित शब्दहरूको कोष समेत तयार गर्न सकिने बताउनुभयो ।

आयोगमा कार्यरत अधिकृत र सहायकस्तरका गरी २५ जना कर्मचारीहरूको सहभागिता रहेको उक्त प्रशिक्षण कार्यक्रमको उद्देश्यमाथि आयोगका सहसचिव श्री वीरबहादुर राईले प्रकाश पार्दै भाषासम्बन्धी लेखन प्रशिक्षणले कर्मचारीहरूमा भाषा लेखनलाई शुद्ध बनाउन सक्ने क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । मदन पुरस्कार पुस्तकालयसँगको सहकार्यमा सञ्चालित उक्त प्रशिक्षण कार्यक्रमको संयोजन आयोगका उपसचिव श्री एकनारायण शर्माले गर्नुभएको थियो भने मदन पुरस्कार पुस्तकालयका प्रशिक्षक श्री केदार शर्मा र श्री दीपक अर्यालले प्रशिक्षण दिनुभएको थियो ।

प्रशिक्षण कार्यक्रमको समापन गर्दै सचिव श्री त्रितालले प्रशिक्षणको अवधिमा सिकेका शुद्ध लेखनसम्बन्धी ज्ञान र सीपले सहभागीहरूको क्षमता अभिवृद्धि गर्नुको साथै आगामी दिनमा आयोगबाट तयार गरिने लिखत तथा दस्तावेजको शुद्धता कायम गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

### निर्वाचन विवाद निरूपणसम्बन्धी अन्तरक्रिया

२०७२ साल चैत २ गते आयोगमा 'निर्वाचनसम्बन्धी विवाद निरूपणः अन्तर्राष्ट्रिय मापदण्ड असल अभ्यास' विषयक अन्तरक्रिया आयोजना गरियो ।

नेपालले अनुसरण गरेको सङ्घीय प्रणालीमा आउनसक्ने निर्वाचनसम्बन्धी विवाद निरूपणमा सहयोग गर्ने अभिप्रायले आयोजित सो कार्यक्रममा आइएफइएसका श्री केथरिन एलिना र श्री जुलियट स्मिडले सहजीकरण गर्नुभएको थियो । निर्वाचनसम्बन्धी विवाद निरूपणका क्रममा भएका असल अभ्यास, अन्तर्राष्ट्रिय मापदण्ड तथा नेपालले यस दिशामा अपनाउनुपर्ने सावधानी आदि विषयमा व्यापक विचार विमर्श भएको थियो । कार्यक्रममा दुईजना महिला कर्मचारी सहित निर्वाचन आयोगका २४ जना कर्मचारीको सहभागिता थियो ।

### SAIDES स्थापनासम्बन्धी अन्तरक्रिया

दक्षिण एशियाका निर्वाचन व्यवस्थापन निकायको साझा मञ्चको रूपमा स्थापित Forum of Election Management Bodies of South Asia (FEMBoSA) को पाँचौं बैठकको निर्णयबमोजिम दक्षिण एशियाली क्षेत्रमा निर्वाचन विषयमा अध्ययन अनुसन्धान गर्ने, गराउनको लागि काठमाडौंमा South Asian Institute for Democracy and Electoral Studies (SAIDES) को स्थापना गर्ने सम्बन्धमा मिति २०७२।१२।५ मा काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले उद्घाटन गर्नुभएको सो कार्यक्रममा निर्वाचन आयुक्त श्री इला शर्माले SAIDES स्थापना सम्बन्धमा हालसम्म भएका प्रयासहरू र भविष्यमा गर्न सकिने सम्भावनाहरू सम्बन्धमा प्रस्तुति गर्नुभएको थियो । प्रस्तुतिपश्चात् यस सम्बन्धमा सहभागीहरूसँग छलफल गरिएको थियो ।

SAIDES को स्थापना, सञ्चालन मोडालिटी र यसको दिगो सञ्चालनको लागि भौतिक, आर्थिक, मानवीय श्रोत तथा अन्य प्राविधिक पक्षमा छलफल गर्ने उद्देश्यले आयोजित सो कार्यक्रममा पूर्व प्रमुख निर्वाचन आयुक्त, पूर्व निर्वाचन आयुक्त, पूर्व राजदूतहरू तथा नेपालका प्राध्यापकलगायतका विज्ञ व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।



SAIDES स्थापना सम्बन्धमा भएको अन्तरक्रिया कार्यक्रमको एक झलक

### लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट कानुन मस्यौदा तालिम

२०७२ साल चैत १० गते 'लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट कानुन मस्यौदा' विषयक तालिम आयोजना गरियो । तालिमको उद्घाटन गर्नुहुँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले लैङ्गिकता तथा समावेशितासम्बन्धी विषयहरूलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई गति दिने हेतुले तालिम आयोजना गरिएको विचार राख्नुभयो । सो अवसरमा बोल्नुहुँदै निर्वाचन आयुक्त श्री इला शर्माले आयोगले आउँदा दिनमा कुनै पनि कार्यक्रम सञ्चालन गर्दा लैङ्गिकता तथा समावेशितासम्बन्धी विषयहरूलाई विश्लेषण गरेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कानुन मस्यौदा गर्ने क्रममा निर्वाचन आयोगका कर्मचारीहरूमा लैङ्गिकता तथा समावेशितासम्बन्धी विषयहरूमा साझा बुझाइ तयार गर्ने उद्देश्यले आयोजित सो तालिममा आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

### महिला कर्मचारीहरूका लागि प्रशासनिक नेतृत्व विकाससम्बन्धी तालिम

२०७२ साल चैत १४ देखि १६ गतेसम्म महिला कर्मचारीहरूका लागि प्रशासनिक नेतृत्व विकाससम्बन्धी तालिम आयोजना गरियो । आयोग र अन्तर्गत कार्यालयहरूमा कार्यरत महिला कर्मचारीहरूमा प्रशासनिक नेतृत्व विकासमा सघाउ पुऱ्याउने उद्देश्यले आयोजित सो कार्यक्रमको उद्घाटन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले गर्नुभएको थियो । आयोगका २५ जना महिला कर्मचारीहरूको सहभागिता रहेको सो कार्यक्रममा महिला कर्मचारीहरूका लागि प्रशासनिक नेतृत्व विकाससम्बन्धी विविध आयामहरूमा व्यापक छलफल भएको थियो । सो अवसरमा आयोगका सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री वीरबहादुर राई, प्रशासन विज्ञ डा. श्रीकृष्ण श्रेष्ठ र युएनडिपि/इएसपीका श्री निकिला श्रेष्ठले स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नुभएको थियो ।

### निर्वाचन आचार संहिता अनुगमन कार्यविधिसम्बन्धी अन्तरक्रिया

निर्वाचन आयोगले निर्वाचन आचार संहिता अनुगमन कार्यविधि, २०७२ सम्बन्धमा विभिन्न सरोकारवालाहरूसँग विभिन्न मिति र स्थानमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । निर्वाचन आचार संहिता अनुगमन कार्यविधि तयारीका सिलसिलामा सरोकारवालाहरूसँग छलफल गर्ने सिलसिलामा २०७२।१२।१५ गते पर्सामा, २०७२।१२।१९ गते ताप्लेजुङमा र २०७२।१२।२४ मा चितवन गरी तीन स्थानमा सो कार्यक्रमको आयोजना गरिएको हो ।

राजनीतिक दलका प्रतिनिधि, महिला समूह, मानव अधिकारकर्मी, नागरिक समाज एवं सञ्चारकर्मीहरूको उपस्थिति रहेको सो कार्यक्रममा पर्सा, ताप्लेजुङ र चितवनमा गरी जम्मा १९६ जनाको सहभागिता रहेको थियो ।

### राजनीतिक वित्तसम्बन्धी ब्रिज कार्यशाला

२०७२ साल चैत १८ देखि २० गतेसम्म चितवनमा राजनीतिक वित्तसम्बन्धी ब्रिज कार्यशालाको आयोजना गरियो । राजनीतिक क्षेत्रका विविध आयाम र पाटाहरूमा व्यापक विचार-विमर्श गरी निर्वाचनको अभियानमा खर्च हुने रकमलाई व्यवस्थित र नियन्त्रित गर्न सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा २४ जिल्लाका जिल्ला निर्वाचन अधिकारी र आयोगका एकजना अधिकृत गरी २५ जनाको सहभागिता रहेको थियो ।

सो कार्यशालामा आयोगका उपसचिव श्री सूर्य अर्याल र आइएफइएसका श्री राधिका रेग्मीले सहजीकरण गर्नुभएको थियो ।

कार्यशालामा आयोगका शाखा अधिकृत श्री युवराज गुरागाई र जिल्ला निर्वाचन अधिकारी, ललितपुरका श्री सीता साम्बालाई 'सेमी एक्रिडिटेड' बाट 'वर्कशप फेसिलिटेटर' मा स्तरोन्नति गरिएको छ ।

### निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज कार्यशाला

निर्वाचन आयोग र अन्तर्गत कार्यालयहरूमा नयाँ पदस्थापना एवं सरुवा भई आउनुभएका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी तथा कर्मचारीहरूका लागि निर्वाचनका विविध विषयमा परिचय गराउने उद्देश्यले निर्वाचन सञ्चालन तथा व्यवस्थापन (Electoral Management and Administration) विषयक तीनदिने ब्रिज कार्यशाला मिति २०७२।१२।१८ देखि २०७२।१२।२० सम्म काठमाडौंमा सञ्चालन गरियो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले उद्घाटन गर्नुभएको सो कार्यक्रममा २ जना महिलासहित २४ जनाको सहभागिता रहेको थियो । उक्त कार्यशालामा निर्वाचन, निर्वाचन प्रणाली, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा, निर्वाचनमा सरोकारवालाहरूको भूमिकालगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा उपसचिव श्री बाबुराम श्रेष्ठ, शाखा अधिकृत श्री हेमराज अर्याल, ब्रिज सहजकर्ता श्री शान्तिराम बिमलीलगायतले सहजीकरण गर्नुभएको थियो ।

### निर्वाचन प्रक्रियामा सुधार विषयक अन्तरक्रिया

२०७२ साल चैत २२ गते भारतको निर्वाचन आयोगका पूर्व प्रमुख निर्वाचन आयुक्त डा.एस. वाई. कुरेसीसँग निर्वाचन, निर्वाचन प्रक्रियामा सुधार तथा अन्य समसामयिक विषयमा विचार आदानप्रदान कार्यक्रमको आयोजना गरियो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्वाचन आयुक्त श्री इला शर्माले स्वागत मन्तव्य दिनुभएको थियो ।



भारतका पूर्व प्रमुख निर्वाचन आयुक्त डा. एस. वाई. कुरेसीसँगको अन्तरक्रिया कार्यक्रम

सो अवसरमा बोल्नुहुँदै भारतीय निर्वाचन आयोगका पूर्व प्रमुख निर्वाचन आयुक्त श्री एस. वाई. कुरेसीले समानुपातिक प्रतिनिधित्व र समावेशिताको दृष्टिले नेपालको निर्वाचन प्रक्रिया सही दिशामा अघि बढिरहेको धारणा व्यक्त गर्नुभयो ।

उहाँले निर्वाचन प्रक्रियामा मिलेको सफलता र त्यसमा आइपर्ने समस्याहरूबारे नेपाल र भारतले एक अर्काबाट सिक्नुपर्ने ठाउँ रहेको धारणासमेत व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले निर्वाचन प्रक्रियामा सुधारका लागि आयोगले सञ्चालन गरेको गतिविधिबारे प्रस्तुतीकरण गर्नुभएको थियो । सो अवसरमा आयोगका सहसचिव, उपससचिव तथा अन्य अधिकृतहरूको उपस्थिति रहेको थियो ।

## घुम्ती निर्वाचन शिक्षा सञ्चालन

निर्वाचन शिक्षा तथा सूचनाको विस्तार गरी स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनको पूर्वाधार तयार गर्ने र बदर मतको प्रतिशतलाई न्यूनीकरण गर्ने उद्देश्यले आयोगले स्थापना गरेको निर्वाचन शिक्षा, सूचना तथा तालिम शाखा निरन्तर निर्वाचन शिक्षा प्रदान गर्ने कार्यमा क्रियाशील रहँदै आइरहेको छ । आयोगले निर्वाचन शिक्षालाई केन्द्रमा मात्र सीमित नराखी विगत केही समययता यसको सञ्जाल क्षेत्रीयस्तरमा पनि पुऱ्याउने लक्ष्य अनुरूप कैलाली जिल्लाको धनगढी र कास्की जिल्लाको पोखराबाट समेत निर्वाचन शिक्षा प्रदान गर्ने कार्य प्रारम्भ गरिसकेको छ । निर्वाचन शिक्षालाई अझ व्यापकरूपमा अघि बढाउन यी केन्द्रहरूले समेट्न नसकेका दुर्गम स्थानहरूमा समेत केन्द्रबाट प्रदान गरिने निर्वाचन शिक्षा जस्ताको तस्तै रूपमा प्रदान गर्न प्रविधि मैत्रीरूपमा निर्वाचन शिक्षा सञ्चालन गर्ने सिलसिलामा मिति २०७२ फागुन ११ र १२ गते भक्तपुर जिल्लाको नगरकोटस्थित श्री कालिका मा.वि. र श्री कृष्ण उ.मा.वि.का करिब चारसय जना शिक्षक र विद्यार्थीहरूको उपस्थितिमा परीक्षणको रूपमा घुम्ती निर्वाचन शिक्षा कार्यक्रमको आयोजना गरियो ।

सो कार्यक्रममा टेलिभिजन मार्फत निर्वाचनसम्बन्धी तयार पारिएको डकुमेन्ट्री प्रदर्शन गरिएको थियो भने परिष्कृत रूपमा तयार पारिएको आइप्याड मार्फत विद्यार्थी तथा शिक्षकहरूलाई निर्वाचन र सम्बन्धित विषयमा श्रव्यदृश्य सामग्रीका साथै विभिन्न जानकारी प्रदान गरिएको थियो । यसैगरी कार्यक्रमको अन्त्यमा सहभागीहरूलाई नमुना मतदानसमेत गराइएको थियो ।

जिल्ला निर्वाचन कार्यालय, भक्तपुरको संयोजन र निर्वाचन आयोगको आयोजनामा सञ्चालन गरिएको उक्त कार्यक्रममा आयोगका टा.ना.सु. श्री ममता श्रेष्ठ र ना.सु. श्री प्रमिला कोइरालाले सहजीकरणका साथै कार्यक्रम सञ्चालन गर्नुभएको थियो । UNDP/Electoral Support Project (ESP) को प्राविधिक तथा व्यवस्थापकीय सहयोगमा सञ्चालन गरिएको उक्त कार्यक्रममा जिल्ला निर्वाचन कार्यालय, भक्तपुरका जिल्ला निर्वाचन अधिकारी श्री उमेश राई, UNDP/ESP का श्री निकिला श्रेष्ठ, श्री हिमाली किरण भुसाल र श्री रोचन कडरियाको उपस्थिति रहेको थियो ।







भक्तपुरको नगरकोटमा विद्यार्थीलाई घुम्ती निर्वाचन शिक्षा प्रदान गरिँदै